# नेपाल बार एशोसिएशन

रामशाहपथ, काठमाडौं, नेपाल
फोन नं : ९७७-१-४२००८३७
फ्याक्स नं. : ९७७-१-४२००८३६
इमेलः neba@nepalbar.org
वेबः www.nepalbar.org


प.सं. २७/०७७-०७८

मितिः २०७७ साउन २५ गते ।


केन्द्रीय कार्यसमिति
(२०७६-२०७९)

अध्यक्ष
चण्डेश्वर श्रेष्ठ

उपाध्यक्ष
सुनिल कुमार श्रेष्ठ
मान बहादुर रुम्दाली
ईश्वरी प्रसाद भट्टराई
सुरेन्द्र थापा मगर
रामचन्द्र सिंह राजपूत
मिन बहादुर महत
उमेश प्रसाद बिष्ट
रक्षा वस्याल

महासचिव
लीलामणि पौडेल

कोषाध्यक्ष
रुद्र प्रसाद पोखेल

सदस्य
डा. शिवराज पण्डित
गंगा सागर खत्री
भीमसेन वन्जारा
भुवन प्रसाद निरौला
प्रकाश महर्जन
बाल कृष्ण गैरे
अन्जु कायस्थ
मोहन साशंकर
खिमानन्द अधिकारी
कल्पना कुमारी भण्डारी
बीना कुमारी सिंह (चौंधरी)
पंचनारायण मण्डल
बद्रीनारायण नगरकोटी
मनोजकुमार चौधरी


**श्री सम्माननीय प्रधान न्यायाधीशज्यू**
**सर्वोच्च अदालत**
**रामशाहपथ, काठमाडौं ।**

विषय :- ध्यानाकर्षण सम्बन्धमा ।

सम्माननीयज्यू
नेपाल बार एशोसिएशन आफ्नो स्थापनाकालदेखि नै संवैधानिक सर्वोच्चता, विधिको शासन, मानव अधिकार, स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका, प्रेस स्वतन्त्रता, व्यवसायिक हक हित संरक्षण र प्रवर्धनको पक्षमा सदा क्रियाशील रही आएको छ । उल्लेखित कुनै पनि विषयमा कहिं कतैबाट जुनसुकै रूपमा पुऱ्याएको वा पुऱ्याइने दखल, हस्तक्षेपको हामी खुलेर विरोध गर्दछौं । सोका लागि समय-समयमा नेबाएले गर्दै आएका आन्दोलन, विरोध तथा सुझावहरु सबैका सामु छर्लङ्ग नै छन् ।

राज्यका तीन वटा अङ्गमध्ये एउटा अङ्ग न्यायपालिकाको भूमीका अन्यको भन्दा अहम् रहन्छ । अन्य निकायबाट भएका त्रुटी गल्तिहरु न्यायपालिकाले संविधान तथा कानून मार्फत सच्याई वा सच्याउन लगाई आम नागरिकको विश्वास आर्जन गरिरहेको हुन्छ । संविधान बमोजिम शक्ति पृथकीकरण, नियन्त्रण र सन्तुलनको सिद्धान्तमार्फत सबै निकायले आ-आफ्नो संवैधानिक र कानूनी दायरामा रहेर आ-आफ्नो भूमीका ईमान्दारीपूर्वक पालना गर्नुपर्ने कुरामा दुईमत हुन सक्दैन । अदालतको स्वतन्त्रता, सक्षमता, निष्पक्षता, पारदर्शिता, स्वच्छतापूर्ण कार्यबाट नै अदालतप्रति आम नागरिकको विश्वास बढ्दै जाने हो । जनविश्वास रहेको न्यायपालिका माथि कहिंकतैबाट हस्तक्षेप हुन सक्दैन, हुनु हुँदैन । अदालतप्रतिको आस्था र विश्वासमा कमि ल्याउने, अदालती काम, कारवाहीमा हुने बाह्य वा जुनसुकै हस्तक्षेप सह्य हुँदैन । नेपाल बार एशोसिएशन न्यायमा सहज, सरल र सार्थक पहुँचका लागि नागरिकको हक हित रक्षाका लागि, संविधानको पूर्ण परिपालना गर्न, गराउनका लागी र विकृति, विसंगती हटाउने कुरामा सदा सचेत र सतर्क भई लागि रहेको छ । लागि रहने छ ।

न्यायपालिकाका काम, कारवाहीहरुमा न्यायाधीशको प्रमुख भूमिका रहने कुरामा बिमती रहन सक्दैन । न्यायाधीश नियुक्ती न्याय परिषद्बाट हुने भएकोले न्यायाधीश नियुक्तिमा हुने कमजोरीबाट समग्र न्यायपालिका कमजोर हुन पुग्दछ । न्यायाधीश नियुक्तिमा संविधान, कानूनले तोकेका अधिकतम् योग्यता भएका व्यक्तिको अन्य आचरण, अध्ययन, न्यायप्रतिको निष्ठा, अनुभव, दक्षता, नैतिकता, इमान्दारिता लगायतका कुराहरुलाई अनदेखा गरि गरिने नियुक्तिको दुष्परीणाम बिगत केहि वर्षहरुदेखि देखिंदै आएका छन् ।

तसर्थ संविधान, ऐन, नियम अनुसार न्याय परिषद्का काम, कारवाहीहरु नभएका कारणबाट संविधान, ऐन, नियम संशोधनमार्फत न्याय परिषद्लाई जिम्मेवार बनाउन र न्यायाधीश नियुक्तिहरुलाई उच्चतम् योग्यता, क्षमता, अनुभव, न्यायिक निष्ठा, इमान्दारिता, व्यवसा निरन्तरता, नैतिकताका आधारमा गर्न अब ढिला गर्नु हुँदैन भनि नेपाल बार एशोसिए बिगतदेखि नै भन्दै आईरहेको व्यहोरा पुनः स्मरण गराउन चाहन्छौं ।

नेपाल बार एशोसिएशन
रामशाहपथ, काठमाडौं, नेपाल
फोन नं : ९७७-१-४२००८३७
फ्याक्स नं. : ९७७-१-४२००८३६
इमेलः neba@nepalbar.org
वेबः www.nepalbar.org

प.सं.

मितिः

केन्द्रीय कार्यसमिति
(२०७६-२०७९)

अध्यक्ष
चण्डेश्वर श्रेष्ठ

उपाध्यक्ष
सुनिल कुमार श्रेष्ठ
मान बहादुर रुम्दाली
ईश्वरी प्रसाद भट्टराई
सुरेन्द्र थापा मगर
रामचन्द्र सिंह राजपूत
मिन बहादुर महत
उमेश प्रसाद बिष्ट
रक्षा वस्याल

महासचिव
लीलामणि पौडेल

कोषाध्यक्ष
रुद्र प्रसाद पोखेल

सदस्य
डा. शिवराज पण्डित
गंगा सागर खत्री
भीमसेन वन्जारा
भुवन प्रसाद निरौला
प्रकाश महर्जन
बाल कृष्ण गैरे
अन्जु कायस्थ
मोहन साशंकर
खिमानन्द अधिकारी
कल्पना कुमारी भण्डारी
बीना कुमारी सिंह (चौधरी)
पंचनारायण मण्डल
बद्रीनारायण नगरकोटी
मनोजकुमार चौधरी

न्यायपालिकाको समग्र सुधार गरी स्वच्छ न्याय, न्यायमा सहज, सरल पहुँचको सुनिश्चितता समेतका लागि अब एक विशेष आयोग वा समिति गठन गरि समितिले गहन अध्ययन, छलफल, अन्तरक्रिया मार्फत प्रतिवेदन तयार गरि सुधारका योजनाहरु निर्माण गरी कार्यान्वयनमा लैजान तत्काल आवश्यक रहेको महसुस गरेका छौं । यसतर्फ सम्माननीयज्यू लगायत सरोकारवाला सबैको गम्भीर ध्यानाकर्षण हुन अनुरोध पनि गर्दछौं ।

बिगतमा नेवाएले विभिन्न विषयमा सम्माननीयज्यू लगायत सम्बद्ध निकायहरुमा गराईएका मिति २०७६/०१/१०, २०७६/०२/१९, २०७६/०४/१४, २०७६/०८/०४, २०७७/०३/२३, २०७७/०४/१८ का ध्यानाकर्षण, बिज्ञप्ती लगायतका छायाँप्रतिहरु यसैसाथ संलग्न गरि पुनः स्मरण र कार्यान्वयनका लागि अनुरोध गर्दछौं । यसै बिच नेवाएका केहि पूर्व अध्यक्ष, उपाध्यक्ष, महासचिव लगायतका पूर्व पदाधिकारी तथा अन्य कानून व्यवसायीज्यूहरुद्वारा प्रेषित ध्यानाकर्षण अपिल समेत जानकारीका लागि संलग्न गरिएको छ । उल्लेखित सबै विषयका छायाप्रतिहरुमा उल्लेखित व्यहोरा अध्ययन गरि आवश्यक कार्यको थालनी हुने विश्वास पनि लिएका छौं ।

नेबाएको मिति २०७७/०४/२३ गते बसेको बैठकको निर्णयअनुसार निम्नानुसारको कार्य तत्काल सुरु गर्न जोडदार माग गर्दछौं ।

सम्माननीयज्यू

(१) सबै तहका अदालतहरुमा पेशी तोक्ने प्रणालीमा विभिन्न त्रुटी कमजोरी रहेको र सोही कारणबाट न्यायपालिकाले आफैले जनआस्था अभिवृद्धि गर्न नसकेको आम सञ्चार माध्यम र सर्वसाधारणहरुबाट समेत अदालतप्रति वितृष्णा फैलिने जस्ता गतिविधिहरु भएको महसुस गरिएकोले पेशी सूची तोक्ने, प्रकाशन गर्ने सम्बन्धमा १ (एक) महिनाभित्रै विद्युतीय स्वचालित प्रणाली (Automation) मार्फत पेशी तोक्ने व्यवस्था लागू गरियोस् ।

(२) सर्वोच्च अदालत नियमावली २०७४ को नियम ७६ (६क) तत्काल खारेज गरि पुराना मुद्दाको सुनुवाई गर्न निश्चित बार वा सबै दिन सबै बेञ्चमा २/३ वटा पर्ने गरि पेशी तोक्ने व्यवस्था मिलाईयोस् ।

(३) संवैधानिक ईजलासको कार्यक्षेत्र भित्र पर्ने विवादहरुको नियमित सुनुवाई गर्ने व्यवस्था मिलाइयोस् ।

(४) साप्ताहिक तथा दैनिक पेशी सूचीमा मुद्दा स्थगित हुँदा समान प्रकृतिका मुद्दामा समान आधार र कारणका आधारमा स्थगित गरियोस् ।

(५) सर्वोच्च अदालत, उच्च अदालत पाटन, काठमाडौं तथा ललितपुर जिल्ला अदालत लगायत सम्पूर्ण अदालतहरुमा कानून व्यवसायीको सवारी साधनको पार्किङको उचित व्यवस्थापन अविलम्ब गरियोस् ।

(६) नेपाल बार एशोसिएशन र सर्वोच्च अदालतका सम्पूर्ण न्यायाधीशहरुका बिच हरे तीन/तीन महिनामा नियमित छलफलको व्यवस्था मिलाईयोस् ।

नेपाल बार एशोसिएशन
रामशाहपथ, काठमाडौं, नेपाल
फोन नं : ९७७-१-४२००८३७
फ्याक्स नं. : ९७७-१-४२००८३६
इमेलः neba@nepalbar.org
वेबः www.nepalbar.org


प.सं.

मितिः


केन्द्रीय कार्यसमिति
(२०७६-२०७९)

अध्यक्ष
चण्डेश्वर श्रेष्ठ

उपाध्यक्ष
सुनिल कुमार श्रेष्ठ
मान बहादुर रुम्दाली
ईश्वरी प्रसाद भट्टराई
सुरेन्द्र थापा मगर
रामचन्द्र सिंह राजपूत
मिन बहादुर महत
उमेश प्रसाद बिष्ट
रक्षा वस्याल

महासचिव
लीलामणि पौडेल

कोषाध्यक्ष
रुद्र प्रसाद पोखेल

सदस्य
डा. शिवराज पण्डित
गंगा सागर खत्री
भीमसेन वन्जारा
भुवन प्रसाद निरौला
प्रकाश महर्जन
बाल कृष्ण गैरे
अन्जु कायस्थ
मोहन साशंकर
खिमानन्द अधिकारी
कल्पना कुमारी भण्डारी
बीना कुमारी सिंह (चौधरी)
पंचनारायण मण्डल
बद्रीनारायण नगरकोटी
मनोजकुमार चौधरी


(७) उच्च तथा सर्वोच्च अदालतमा नियुक्त भएका केही न्यायाधीशहरुमा पदानुकूलको अनुभव तथा ज्ञानको समेत अभाव रहेको भन्ने गुनासो आईरहेकोले त्यस्ता न्यायाधीशहरुको पहिचान गरी न्याय परिषद्मा हाजिर गराई लामो अवधिको प्रशिक्षण, तालिम र अध्ययनको उचित व्यवस्था गरी पदानुकूलको अनुभव र अध्ययन भए पश्चातमात्र बेञ्च तोक्ने व्यवस्था मिलाईयोस् ।

(८) स्वचालित पेशी प्रणाली लागू नहुन्जेलसम्म उच्च अदालत (वाणिज्य इजलाश)मा न्यायाधीश तोक्ने (बेञ्च गठन गर्ने) कार्य विषय विज्ञका आधारमा सम्बन्धित अदालतका मुख्य न्यायाधीशलाई प्रदान गर्ने व्यवस्था मिलाईयोस् ।

(९) न्यायाधीश नियुक्तिको सम्बन्धमा न्याय परिषद् ऐन २०७३ को दफा ४ को व्यवस्था कार्यान्वयन गरियोस् । न्यायाधीश नियुक्त गर्दा नेपाल बार एशोसिएशनले मिति २०७६/०८/०४ मा दिएको सुझावमा उल्लेखित १ बराबर ३ को रोष्टर बनाई सार्वजनिक गरी कार्यान्वयन गरियोस् ।

(१०) सर्वोच्च अदालतबाट भएका फैसलाहरुमा एकै प्रकृतिका मुद्दामा उहि बेञ्च तथा फरक बेञ्चबाट फरक-फरक फैसला भएको पाईएकोले सो सम्बन्धमा आवश्यक अध्ययन गरी एकरुपता कायम गरियोस् ।

(११) न्याय क्षेत्रभित्रका बिसंगती, विकृती, बिचौलिया र भ्रष्टाचार नियन्त्रण गर्न नेपाल बार एशोसिएशनको प्रतिनिधि समेत सम्मिलित एउटा विशेष संयन्त्र अविलम्ब गठन गरियोस् ।

(१२) न्यायाधशि नियुक्ति, न्यायालयमा हुने सबै प्रकारको राजनीतिक हस्तक्षेप निषेध र अस्वीकार गरियोस् ।

(१३) वरिष्ठ अधिवक्ताको उपाधी प्रदान गर्दा नेपाल बार एशोसिएशनको मिति २०७६/०४/१४ को सुझावलाई गम्भीरतापूर्वक लिईयोस् ।

(१४) न्यायाधीश र नेपाल बार एशोसिएशनको पदाधिकारीको सम्पत्ति पारदर्शी रुपमा छानविन गरि सार्वजनिक गर्ने व्यवस्था मिलाईयोस् ।

(१५) अदालतका आदेश, फैसलाहरुको कार्यान्वयन तत्काल गरि न्याय परेको अनुभूती दिलाईयोस् ।

(१६) अदालतमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको प्रवेश र प्रभावलाई तत्काल नियन्त्रण गरियोस् ।

(१७) मुख्य न्यायाधीश, मुख्य भई काम गर्ने न्यायाधीश वा न्यायाधीश नियुक्त गर्दा निश्चित आधार, कारण र मापदण्डका आधारमा गरियोस् ।

अधिवक्ता लीलामणि पौडेल
महासचिव